# मुक्तिनाथ विकास बैंक लि.
# MUKTINATH BIKAS BANK LTD.

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

Reg. No.: 956/062/063
NRB License No.: 36
PAN No.: 302349296

पत्र च.नं.: मु बि बैं/के.का/७१/२०८२/०८३ मिति : २०८२/०६/१०

श्री नेपाल स्टक एक्सचेञ्ज लि.,
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**विषय : उन्नाइसौं वार्षिक साधारण सभा तथा सेयर दाखिल खारेज बन्द (Book Closed) गर्ने सम्बन्धमा ।**

मुक्तिनाथ विकास बैंक लि.को सञ्चालक समितिको मिति २०८२ असोज १० गते दिनको २:०० बजे बसेको ३५९ औं बैठकको निर्णय अनुसार तपशिलमा उल्लेखित प्रस्तावहरु सहित यस विकास बैंकको उन्नाइसौं वार्षिक साधारण सभा मिति २०८२ कार्तिक १५ गते शनिबारका दिन विहान १०:०० बजे होटल ग्राण्ड पार्दी, बिरौटा, पोखरा, कास्कीमा गर्ने निर्णय गरेको ब्यहोरा जानकारिका लागि अनुरोध छ ।

**छलफलका विषयहरु :**

**सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०८१/०८२ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हालका लेखापरीक्षक श्री ए. पी. एण्ड एशोसिएट्स, चाटर्ड एकाउण्टेन्ट्स पुनः नियुक्ति हुनका लागि योग्य हुनुहुन्छ ।)

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम साधारण सेयर तर्फको चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को ४.६७ प्रतिशतले हुने रकम रु. ३२,९०,९२,००६.८९ (अक्षरेपी बत्तीस करोड नब्बे लाख बयानब्बे हजार छ रुपैयाँ उनान्नब्बे पैसा मात्र) (बोनस सेयर र नगद लाभाँशको कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण सेयर तर्फको हाल कायम चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को १३.५३ प्रतिशतले हुने रकम रु. ९५,३४,५०,७१८.०३ ( अक्षरेपी पन्चानब्बे करोड चौतीस लाख पचास हजार, सात सय अठार रुपैयाँ तीन पैसा मात्र) बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. विकास बैंकको साधारण सेयर तर्फको चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को १३.५३ प्रतिशतले हुने रकम रु. ९५,३४,५०,७१८.०३ ( अक्षरेपी पन्चानब्बे करोड चौतीस लाख पचास हजार, सात सय अठार रुपैयाँ तीन पैसा मात्र) बोनस सेयर वितरण पश्चात साधारण सेयर तर्फ रु ८,००,०३,८८,७६७.११ ( अक्षरेपी आठ अर्ब तीन लाख अठासी हजार सात सय सतसठ्ठी रुपैयाँ एघार पैसा मात्र) र गत वर्ष पारित भएको रु. १,००,००,००,०००.०० ( अक्षरेपी एक अर्ब मात्र ) को अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी भए पश्चात बैंकको जारी तथा चुक्ता पूँजी रु. ९,००,०३,८८,७६७.११ ( अक्षरेपी नौ अर्ब तीन लाख अठासी हजार सात सय सतसठ्ठी रुपैयाँ एघार पैसा मात्र ) पुर्‍याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने ।

३. विकास बैंकको १९ औं साधारण सभामा प्रस्ताव भएबमोजिम पूँजी बृद्दि पश्चात, नेपाल राष्ट्र बैंकले तोकेको प्रावधान अनुसार यस विकास बैंकलाई वाणिज्य बैंकमा स्तरोन्नतीका आवश्यक प्रकृया अगाडी बढाउन सञ्चालक समितिलाई अख्यिारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने ।

४. सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको सेवा सुविधा पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने ।

५. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्न (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्नकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

६. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

७. **विविध :**

**द्रष्टव्यः** उन्नाइसौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८२ असोज ३१ गते शुक्रबार (१ दिन) यस विकास बैंकको सेयर दाखिल खारेज बन्द (Book Closed) हुने व्यहोरा सेयरधनी महानुभावहरुलाई जानकारी गराइन्छ ।

ण्डपानी ढकाल